॥ श्रीः ॥

# ★ बुद्धि बिनोद ★



TULSI PICTURE
FRAMING
Barabazar Shillong-793002

प्रकाशक—
* श्री हितैषी कम्पनी *
कर्णघण्टा • वाराणसी-१
( उ० प्र० )

# बुद्धि-विनोद

लेखक :—

लेखनाथ पौड्याल्य

प्राप्तिस्थान—

श्री हितैषी कम्पनी

कर्णघण्टा, वाराणसी–१

( यू. पी. )

* श्रीः *

# * बुद्धि-विनोद *

कहाँ थियो वास अघी म को थिएँ
कसो हुँदा यो पिजरा लिँदो भएँ,
कहाँ छ जानू कुन साथ लीकन
तँलाइ मालुम् छ कि यो कुरा मन? ॥१॥

म वाच्य को हो कसरी कहाँ बसी-
रहेछु त्यो इन्द्रिय-जालमा फसी।
चिनिन्न आफूकन आफुले किन
तँलाइ मालुम् छ कि यो कुरा मन? ॥२॥

स्वयं निराधारविषे टनाटन
असंख्य ब्रह्माण्ड खड़ा गरीकन।
जगत् जमायो कुन कर्मिले किन?
तँलाइ मालुम् छ कि यो कुरा मन? ॥३॥

कदापि कत्ती नलगाइ ठक्कर
महादिलाई दिनहूँ निरन्तर ।
घुमाउने को छ खड़ा भईकन
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥४॥

निशाविषे माथि सधैं वरोपरि
अनन्त ज्योती गजमोतिले सरी ।
झुलीरहेका किन छन् ति को हुन
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५॥

समस्त आकाशविषे टनाटन
थरी-थरी सुन्दर सृष्टि साधन ।
भएछ उत्पन्न कसो गरीकन
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥६॥

स्वभाव धर्माऽऽदि जुदा जुदा धरी
विशाल यो विश्वविषे थरी थरी ।
कसो हुँदा जीव जमे कड़ोरन
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥७॥

अशेष आब्रह्म पिपीलिकातक
शरीर एकै उहि पाञ्च-भौतिक ।
परन्तु भोग्यादि घटी बढ़ी किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥८॥

झिलिक्क झिल्के बिजुली सरी सब
तुरुन्त छोड़ीकन जीवनोत्सव।
अहो ! कती जीव गए कहाँ किन ?
तॅल्लाइ मालुम् छ कि यो कुरा मन ? ॥९॥

बुढो पुरानो बदली प्रति-क्षण
नयाँ-नयाँ सृष्टिविषे टनाटन।
सजाउने को छ मजा खिईकन ?
तॅल्लाइ मालुम् छ कि यो कुरा मन ? ॥१०॥

कती म जस्ता उहिल्यै बितीसके
कती घुतेका छन बाँचुँला म के।
भनी कुने कत्ति नआत्तिने किन ?
तॅल्लाइ मालुम् छ कि यो कुरा मन ? ॥११॥

समस्त सृष्टि स्थितिका नियामक
विरञ्चि नारायण शङ्करादिक।
कहाँ बसेका छन गुप्त भेकन ?
तॅल्लाइ मालुम् छ कि यो कुरा मन ? ॥१२॥

अहो ! उनै जीव कुनै ति देवता
कुनै घुमेका गुह्नुमा यताउता।
कहाँ गए ईश दया-निकेतन
तॅल्लाइ मालुम् छ कि यो कुरा मन ? ॥१३॥

सबै सुखाऽऽस्वाद लिऊँ भनीकन
प्रवृत्त लाखौंतिर भै रहेछन ।
तथापि देखिन्न सुखी कुनै किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥१४॥

जहाँ दशै द्वार सधैं खुला छन
अहो ! उही प्राण समीर भाजन ।
फुसूफुसू सास नसिद्धिनू किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥१५॥

हरेक गर्भाऽन्तरमा पसीकन
बराबरी बालक बालिकागण ।
बनाउने तो गणितज्ञ को हुन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥१६॥

अनादि संसारविषे कुनै दिन
जतातते स्त्री जति शून्य भैकन ।
नजन्मनू केवल पूरुषै किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥१७॥

गुट्टमुट्ट भैकन गर्भ-जालमा
बसी कठै ! अञ्जलि जोरि भालमा ।
कराउँदा बन्धुहरू थिए कुन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥१८॥

झलक देखी निज-कर्म-पद्धति
उजार भै ईश्वरको गरी नति ।
उहाँ गरेको कुन हो निवेदन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥१९॥

थियो जती गर्भविषे विरक्तता
गयो सबै त्यो जनमेपछी कता ?
हुँदैन केही पनि सम्झना किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥२०॥

परत्र यस्तो छ यसो गर्‍यो भने
यसो-यसो हुन्छ भनेर देखने ।
नआउने कोहि पनी यहाँ किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥२१॥

शरीर हो कारण पुण्य पापको
ढल्यो यहीं त्यो त बनी निकामको ।
परत्रमा यो सब भोगने कुन
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥२२॥

असत्य संसार असत्य देह यो
असत्यको भोग असत्य नै भयो ।
म सत्य आत्मा फिर जन्मने किन
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥२३॥

प्रमाणशास्त्री श्रुति शास्त्र जो छन
अहो ! उनैमा झगड़ा टनाटन ।
यथार्थ के हो किन छैन मेलन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥२४॥

कतै छ एकत्व कतै अनेकता
कतै सबै शून्य कतै क्रियात्मता ।
म सत्य मानूँ कसको विवेचन ?
तॅलाइ मालुम् छ कि यो कुरा मन ? ॥२५॥

श्रुति, स्मृती, तन्त्र, पुराण मन्थन
गरेर बोक्रे झगड़ा लिईकन ।
यथार्थ जान्यो कसले सनातन
तॅलाइ मालुम् छ कि यो कुरा मन ? ॥२६॥

जता जता दृष्टि दियो उतैतिर
कथा प्रपञ्चाऽऽदि अनन्त सुन्दर ।
महर्षिले जाल रचे वृथा किन ?
तॅलाइ मालुम् छ कि यो कुरा मन ? ॥२७॥

पराशर, व्यास, वशिष्ठ, जैमिनी
शुकाऽऽदि जो जो पहिले भए मुनि ।
गए ति के काम गरी कहाँ छन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥२८॥

जमाइ साम्राज्य बसी नृपाऽऽसन
प्रजा खुशी पारि हुकूम् चलाउन ।
चटक्क छोड़ी किन ती पसे वन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥२६॥

चुनेर जम्मा गरि कामिनी जन
असीम आनन्द लुटी लिनाकन ।
शुकादिको चित्त गएन हो किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥३०॥

कलत्र पुत्राऽऽदि सबै वरीपरि
लगाइ घेरा गफले जुलुम् गरी ।
शुकाऽऽदिले काल नफाल्नू किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥३१॥

असत्य संसार सदैव देखिने
छ सत्य जो सो कहिल्यै नदेखिने ।
विचित्र उल्टो परिपञ्च यो किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥३२॥

कहाँ छ वैकुण्ठ कहाँ छ रौरव
विचार को गर्दछ कर्मको सब ।
यथार्थमा तत्त्व छ शास्त्रको कुन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥३३॥

प्रजा धरामा धरणी फणीशमा
फणीश पानी-बिच, पानि हो कहाँ ?
मिलेन विश्रान्ति जवाब हो कुन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥३४॥

जमाउने सृष्टि सदा चतुर्मुख
उडाउने शङ्कर सृष्टिको सुख ।
हुँदैन होला झगड़ा अहो ! किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥३५॥

जगत्-व्यवस्था जसमा छ सन्तत
उनै स्वयं कृष्ण पराङ्गना-रत ।
कहाँ गयो उत्कट वेद-बन्धन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥३६॥

घसी खरानी शिरमा जटा धरी
श्मशानमा नित्य बनी दिगम्बरी ।
लड़ीरहेका शिव हो अहो ! किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥३७॥

विलासिनी दिव्य अनन्त अप्सरा
छँदाछँदै यौवन-भार मन्थरा ।
फसे अहिल्यासित इन्द्र गै किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥३८॥

पिएर गीताऽमृत शान्त भैकन
कुटुम्ब-हत्या-तिर लागनू किन ?
किरीटिले तत्त्व बुझे अहो ! कुन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥३९॥

जती जगत्मा छ मनुष्यको गण
उती सबैका मनु मूल कारण ।
छँदा-छँदै जाति पृथक् बने किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥४०॥

कतै महापाप छ मद्य गोवध
कतै यही धर्म गनिन्छ मुख्यतः ।
पत्याउने के नपत्याउने कुन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥४१॥

निबद्ध एकै पतिमा वधू जन
वधू हजारौं पतिले हुने जिन ।
चलेन पत्नीव्रतको प्रथा किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥४२॥

विभाग वर्णाऽऽश्रमको गरीकन
जुदा जुदा जाति खड़ा गराउन ।
समर्थ को हो किन यो गरेछन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥४३॥

अनन्त कष्ट व्यवसाय वैदिकी
क्रिया छ जो सोहि भयो भनी सिकी ।
बड़ो बखेड़ा ऋषिले लिए किन ?
तॅलाइ मालुम् छ कि यो कुरा मन ? ॥४४॥

डटी जुता, कोट छड़ी लिईकन
रवाफि मै मोजमजा उडाउन ।
खराब ठान्यो ऋषिवृन्दले किन ?
तॅलाइ मालुम् छ कि यो कुरा मन ? ॥४५॥

यती पछी हुन्छ अवश्य सो कुरा
भनेर सम्पूर्ण बुझी पुरा-पुरा ।
युग-व्यवस्था गरने ति को हुन ?
तॅलाइ मालूम् छ कि यो कुरा मन ? ॥४६॥

त्रिकाल-दर्शी जगतै कपाउने
कठै ! उही ब्राह्मण-वर्ग हो भने ।
दरिद्र कुत्ता सरि आज भो किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥४७॥

महर्षिके हौं सब हामि सन्तति
उनै पुराना छन मन्त्रपद्धति ।
तथापि आशीष नलागने किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥४८॥

दयालु सर्वज्ञ ठुला अनीश्वर
प्रसिद्ध हाम्रा अधिका मुनीश्वर ।
कठै कुनै आज नपाइने किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥४६॥

अनन्त बाटा बटुवा छ एक यो ।
विचारमा रङ्‌मङ्गिदा जनम् गयो ।
छँदै छ शङ्का अब कृत्य हो कुन ?
तँलाइ मालूम छ कि यो कुरा मन ? ॥५०॥

कतै कसैको मरणान्त दुर्गति
कतै भने सम्पतिमाथि सम्पति ।
छ पक्षपाती सब जातिको किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥५१॥

उही कुलो खेत बिऊ सबै उही
उसै गरी रोपिदिए पनि कहीं ।
हुँदैन धान्याऽऽदिक चैत्रमा किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५२॥

अगाडि अध्यात्मविषे थियो जति
थिएन को शिल्पविषे उती मति ।
बनेन होला किन रेल, बेलुन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५३॥

नयाँ कुनै दुर्बिन, यन्त्रको रती
सहाय केही नलिई ग्रह-स्थिति ।
अगाडिकाले कसरी बुझे हुन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५४॥

ग्रहाऽऽदिको त्यो उदयास्त पारने
सुवर्णको पर्वत-राज हो भने ।
नदेखिनू उत्तरतर्फ त्यो किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५५॥

नदी र नालाहरु रेलिदा सब
समुद्र उर्लेर तुरुन्त बेढब ।
समस्त पृथ्वी नडुबाउनू किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५६॥

उही छ माथी तलको नभस्तल
तथापि वृन्द-च्युत बृत्तका फल ।
नजानु माथी कहिल्यै पनी किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५७॥

गड़ेर हेर्‍यो दुनियाँ जती जती
तरङ्ग शङ्का बढने उती उती ।
हुँदैन कत्ती पनि शान्तता किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५८॥

यसो गरेदेखि परिन्छ नेलमा
भनी बुझेकै छ तथापि जेलमा ।
परीरहेकै दुनियाँ अहो ! किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥५९॥

जती कमायो धन धान्य सम्पति
तुरुन्त तृष्णा लहरी उती उती ।
बढ़ेर जाने जनमैभरी किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥६०॥

कलत्र पुत्राऽऽदि यहाँ जती छन
सबै ति थोरै दिनका भनीकन ।
बुझेपछी मुग्ध हुनू वृथा किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥६१॥

प्रिया छ जो यौवनमा विलासिनी
पछी उही डङ्किनि धैर्य नाशिनी ।
रिसाउँछे दूर छि छी गरी किन ?
तँलाइ मालुम् छ कि यो कुरा मन ? ॥६२॥

जहाँ छ सम्पत्ति तहाँ सबै जन
अघी-पछी लागि सधैं खड़ा छन ।
जगत् बिरानू धन रित्तिदा किन ?
तँलाइ मालूम् छ कि यो कुरा मन ? ॥६३॥

मरेर जानेछु म एकलै भनी
यथार्थ जाहेर छँदाछँदै पनि ।
अनेक टन्टा बटुलीलिन् किन ?
ताँलाइ मालूम् छ कि यो कुरा मन ? ॥६४॥

शरीर कच्चा छ उमेर अस्थिर
नपर्खने काल सधैं छ घर्-घर ।
हिरिक्क व्यर्थैं सुखमा हुनू किन ?
ताँलाइ मालूम् छ कि यो कुरा मन ? ॥६५॥

तरङ्गमा रङ्-मङ्दिा यसै म ता
अहो ! पुगेंछु अहिल्यै कता कता ।
कसो गरे मिल्दछ शान्ति-साधन
बता बुझेसम्म अलीकता मन ! ॥६६॥

मनः—

म निस्कनाले जननी ! तिमीकन
परेछ यो घोर अनर्थ चिन्तन ।
म भित्र आएँ अब के छ लसूफस
थपक्क बाबासित शान्त भै बस ॥६७।

॥ समाप्त ॥

मुद्रक—जगन्नाथ प्रिंटिंग, ए. २।६ कामेश्वर महादेव, वाराणसी–१.

प्राप्तिस्थान

श्री हितैषी कम्पनी

कर्णघण्टा, वाराणसी—१

(यू. पी.)

मूल्य— ४० पैसा भा०
५६ पैसा ने०

श्री हितैषी कम्पनी

मूल्य

) [illegible]० भा० रु०

) ५५ ने० रु०